# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय
## (परीक्षा नियन्त्रण महाशाखा)

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल ।

टेलिफोन : ०१-४३३०८१८, ०१-५१९५५६८ (Exam Thesis)
फ्याक्स : ९७७-०१-५१९५४२१
E-mail : fomdean@gmail.com
: exam.mgmt.tu@gmail.com
Website : www.fomecd.edu.np


मिति : २०७५ । ०६ । ०२

### प्रवेश परीक्षा (CMAT) - २०१८ को नतीजा प्रकाशन सम्बन्धि सूचना

त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय, डीनको कार्यालयवाट मिति २०७५ भाद्र ३० (15th September 2018) मा संचालन भएको Bachelor of Business Administration (BBA), Bachelor of Business Management (BBM), Bachelor of Information Management (BIM), Bachelor of Hotel Management (BHM), Bachelor of Travel and Tourism Management (BTTM), Bachelor of Public Administration (BPA), Bachelor of Mountaineering Studies (BMS) र Bachelor of Business Administration in Finance (BBA - F) कार्यक्रमको प्रवेश परीक्षा (CMAT) - २०१८ को परीक्षाफल व्यवस्थापन संकाय प्रवेश परीक्षा संचालक समितिको निर्णयानुसार प्रकाशित गरिएको छ ।

*नोट :-*

*१) सकेसम्म त्रुटिरहित नतिजा प्रकाशन गरिएको छ । कथंकदाचित त्रुटि देखिन आएमा यस कार्यालयको मुल अभिलेख अनुसार सच्चाईनेछ ।*

*२) क्याम्पस/कलेजहरुले विद्यार्थी भर्ना गर्दा CMAT Score Card अनिवार्य रुपमा विद्यार्थीसंग लिई भर्ना गर्नुपर्ने साथै सो सक्कल CMAT Score Card प्रथम सेमेष्टरको परीक्षा फर्म भर्दा अनिवार्य रुपमा फर्मसंगै संलग्न गर्नुपर्नेछ । अन्यथा परीक्षार्थीको परीक्षा फारम स्वीकार गरिने छैन ।*

*३) यसै शैक्षिक सत्र (२०७५/०७६) / सन् २०१८ को भर्ना समुह देखि स्नातक तहका BBA, BBM, BIM, BHM, BTTM, BPA, BMS र BBA-F मा भर्ना हुने विद्यार्थीको प्रत्येक सेमेष्टरको अन्तमा लिइने परीक्षा शुल्क रु ३०००/- (अक्षररुपी तिन हजार) (त्रि. वि. सेवा शूल्क बाहेक) भएको सूचित गरिन्छ ।*

*४) उत्तिर्ण परीक्षार्थीहरुले माथि उल्लेखित जुनकुनै कार्यक्रमा अध्ययन गर्न चाहेमा कार्यक्रम सञ्चालन भएका जुनसुकै क्याम्पस / कलेजमा भर्ना प्रकृयामा सहभागि हुन सक्नेछन् ।*

*५) परीक्षाफलमा कुनैपनि परीक्षार्थीको CMAT रोल नं वा परीक्षार्थीको नाम वा दुवै कारणवश फरक परी सच्याउनुपर्ने भएमा प्रथम Semester मा भर्ना भएको मितिले एक महिना भित्र सम्बन्धित क्याम्पस/कलेजको सिफारिस पत्र, CMAT Admit Card, सक्कल CMAT Score Sheet र स्पष्ट नाम उल्लेख भएको आधिकारीक प्रमाणपत्रको फोटोकपी सहीत आवश्यक शुल्क रु २५०/- (दुईसय पचास) मात्र यस कार्यालयको ने.बै.लि. कीर्तिपुरको च.हि.नं ०४५००१०००९९०६६००००१ मा जम्मा गरेको सक्कल भौचर संलग्न गरी सम्बन्धित परीक्षार्थीको निवेदन यस परीक्षा नियन्त्रण महाशाखा, गाड्खेल, बल्खुमा दिनुपर्ने छ ।*

..................
डा. ध्रुवकुमार गौतम
सहायक डीन